सिकाइ क्षेत्रः
भाषा र सञ्चार

# अभिवादन र सम्बोधन



तह १

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवश्रोत विकास केन्द्र

# हाम्रो भनाइ

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने  सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तो किएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान तथा हाम्रो परिवेश तथा नागरिक चेतना गरी तीनओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी  विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

## परिचय

भाषाशिक्षण भाषिक सिपहरूको शिक्षण हो । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकासका लागि बोध र अभिव्यक्तिगत विषयक्षेत्रसँग सम्बन्धित सिकाइ उपलब्धि हासिल हुने गरी यो सामग्री तयार गरिएको छ । यस सामग्रीमा नेपाली र मातृभाषाको प्रयोग गरी अभिवादन गर्न, सम्बोधन गर्न, परिचय दिन र प्रतिक्रिया जनाउन सक्षम हुने गरी विषयवस्तु तथा क्रियाकलापहरू समावेश गरिएका छन् । त्यस्तै आफ्ना विचार प्रस्ट एवम् स्वाभाविक गतिमा बताउन र सरल वाक्य तथा छोटा अनुच्छेद शुद्धसँग उपयुक्त गतिमा पढ्न र अर्थ बताउन सक्ने गरी विषयवस्तु तथा क्रियाकलाप समावेश गरिएका छन् ।

यस मोड्युलमा निम्न विषयवस्तु समावेश गरिएका छन् :

- घर र घरायसी परिवेशमा प्रयोग शब्द
- अभिवादन, सम्बोधन, परिचय र प्रतिक्रिया
- साधारण विषयवस्तुको बोध
- सञ्चार तथा प्रतिक्रिया
- शब्दार्थ र वाक्यमा प्रयोग

## सक्षमता

- विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तुको बोध, सञ्चार तथा प्रतिक्रिया

## सिकाइ उपलब्धि

- मातृभाषाको प्रयोग गरी अभिवादन गर्न, सम्बोधन गर्न, परिचय दिन र प्रतिक्रिया दिन
- आफ्ना विचार प्रस्ट एवम् स्वाभाविक गतिमा बताउन
- सरल वाक्य तथा छोटा अनुच्छेद शुद्धसँग उपयुक्त गतिमा पढ्न र अर्थ बताउन

## पाठहरू

**यस सिकाइ सामग्रीमा निम्नलिखित पाठ रहेका छन् :**

पाठ १ : अभिवादन, सम्बोधन र परिचय
पाठ २ : साधारण विषयवस्तुको बोध
पाठ ३ : सञ्चार र प्रतिक्रिया
पाठ ४ : शब्दार्थ र वाक्यमा प्रयोग

# पूर्व सिकाई परिक्षण

**तलको चित्र हेरी दिइएका प्रश्नको उत्तर दिनुहोस् ।**



(क) चित्रमा मानिसले के गरेका होलान् ?

(ख) तपाई आफ्ना मान्यजनलाई भेट्दा कुन शब्द प्रयोग गरेर कसरी अभिवादन गर्नुहुन्छ ?

(ग) दिइएको उदाहरणमा जस्तै गरी तपाई आफ्नो परिचय दिन सक्नुहुन्छ ?

*जस्तैः*

| नेपालीमा | तपाईको मातृभाषामा |
|---|---|
| नमस्कार, मेरो नाम राममाया मगर हो । म चितवन जिल्लाको चुम्लिङटारमा बस्छु । मेरो घरमा बुबा, आमा, भाइ र बहिनी छन् । म अनौपचारिक शिक्षाको तह १ अध्ययन गर्दै छु । | |

**जोडा मिलाउनुहोस् :**

| **जाति** | **अभिवादनमा प्रयोग हुने शब्द** |
|---|---|
| नेवार | प्रणाम |
| तामाङ | भोर्ले |
| मगर | जोजोल्पा |
| मैथिली | फ्याफुल्ला |

**कसले कसरी अभिवादन गर्छ, लेख्नुहोस् :**

| जाति | अभिवादन |
|---|---|
| गुरुङ<br>बोटे<br>थामी<br>राइ | |

पाठ
१

# अभिवादन, सम्बोधन र परिचय

**तलको पाठ कसैबाट सुन्नुहोस् वा पढ्नुहोस् :**

## अभिवादन

सुनीता बराम र उमेश चाम्लिङ एकादशी बजारमा भेट भए । सुनीताले भनिन्, "उगेप्से उमेशजी ।" उसले केही बुझ्नेन तर इसारा हेर्दा अभिवादन गरेको हो कि जस्तो पनि लाग्यो । उसले पनि हौवा भनिहाल्यो । उनीहरूले एकअर्काको कुरा केही बुझ्नेनन् । यसैबिच गाउँका लप्टन बा आइपुगे । उनलाई धेरै भाषाको ज्ञान थियो । सुनीता र उमेशले बराम र चाम्लिङ भाषामा एकअर्कालाई सम्बोधन गरेर अभिवादन गरेको सुन्दा उनलाई रमाइलो लाग्यो । उनले पनि नमस्कार है नानी भने । कति राम्रो कुरा गरेका । आफ्नो मातृभाषामा पो सम्बोधन गर्यौ त भन्दै हात जोडे तर मैले त सुनीताले भनेको नबुझी हौवा भनेको । यो सुन्नासाथ लफ्टन बाले भने तिमीले हौवा भनेको र सुनीताले उगेप्से भनेको एकै हो । हाम्रो देशमा धेरै जाति बस्छन् । एकअर्कासँग भेट गर्दा कुसुन्डाले सोजग, छन्त्यालले सोरल्हो, धिमालले सेवपाखा र लाप्चाले खाम्री भन्छ । थामीले सेवा, गुरुङले छ्याजालो, बोटेले बिन्ती र भुजेलले सेवानुङ भन्छन् । राईहरूमा जिउ वा जेरो, सेवा, सेवान्ने, स्यामुइना भन्ने चलन छ । यो सुन्नासाथ उमेशले भन्यो । माझीले पनि सेवाढोग भन्छन् ।व्यासीले बुदाइला, मेचेले खुलुम्वाई, लिम्बूले सेवारो र डोटेलीमा स्वस्ती गर्ने चलन रहेछ । मैले किताबमा पढेको । हो कति राम्रो कुरा हो । हामीले एकअर्कालाई उनीहरूकै भाषामा सम्बोधन गर्दा सबैको सम्मान हुन्छ । आफ्नो भाषामा परिचय दिँदा गौरव पनि बढ्छ । सुनीताले टाउको हल्लाउँदै भनी, आज त सम्बोधन गर्ने धेरै कुरा पो सिक्यौँ । भोलि दोहोरो कुराकानी गर्न सिकाइदिनु है लप्टन बा । हुन्छ हुन्छ । लप्टन बा आफ्नै बाटो लागे ।



## सिकाइ क्रियाकलाप

**सम्बोधनलाई ख्याल गर्दै माथिको पाठ पढ्नुहोस् ।**

**माथिको अनुच्छेद पढी कुन भाषीले सम्बोधन गर्दा के प्रयोग गर्ने रहेछ, टिप्नुहोस् ।**

| जाति | भाषा | अभिवादन गर्दा प्रयोग गरेको भाषा |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**कसलाई के सम्बोधन गरिन्छ, पढेर बुझ्नुहोस् :**

| सम्मान जनाउने शब्द | सम्बोधन जनाउने शब्द | शिष्टाचार जनाउने शब्द |
|---|---|---|
| *प्रिय* | *भाइ/बहिनी/साथी* | *सुमधुर सम्झना* |
| *आदरणीय* | *दाजुभाउजू/दिदीभिनाजु* | *सादर नमस्कार/ प्रणाम/ढोग* |
| *आदरणीय/पुजनीय* | *आमाबुबा/गुरु* | *सादर नमस्कार/शाष्टाङ्ग दण्डवत् / ढोग/प्रणाम* |
| *श्री/श्रीमान्* | *प्रधानाध्यापक/प्रमुख* | *ज्यू* |



## अन्तरक्रियात्मक क्रियाकलाप

**तलका मानिसलाई अभिवादन गर्दा कस्ता शब्द प्रयोग गरिन्छ, परिवारका सदस्यसँग छलफल गरेर लेख्नुहोस् ।**

| नाता | मातृभाषामा सम्बोधन गर्दा प्रयोग हुने शब्द | नेपाली भाषामा सम्बोधन गर्दा प्रयोग हुने शब्द |
|---|---|---|
| नाता | | |
| हजुरबुबा | | |
| हजुरआमा | | |
| बा | | |
| आमा | | |
| दाइ | | |
| दिदी | | |
| छोरो | | |
| छोरी | | |
| ज्वाइँ | | |
| मामा | | |
| माइजू | | |
| फुपू | | |
| फुपाजु | | |

**तलको सूचना पढ्नुहोस्, मुख्य कुरा बुझ्नुहोस् र साथीलाई सुनाउनुहोस् :**

**सुचना.. सुचना.. सुचना...**

आज हाम्रो सामुदायिक सिकाइ केन्द्रमा सूर्योदय नगरपालिकाका नगरप्रमुख आउनुहुने भएकाले उहाँसँग विद्यालय जान नपाएका बालबालिकाको सिकाइका लागि व्यवस्था गर्नेबारेमा छलफल हुने हुँदा सम्पूर्ण सम्पूर्ण अभिभवाक भेला भइदिनुहुन अनुरोध छ ।

अध्यक्ष
नैनकला शर्मा
सानिमा सामुदायिक सिकाइ केन्द्र

**तपाईं र साथी मिलेर कुनै कार्यक्रमका बारेमा माथिको जस्तै सूचना तयार पार्नुहोस् ।**



## खोज क्रियाकलाप


**माथिको पाठमा कुन जातिले सम्बोधन गर्दा कुन शब्द प्रयोग गरेका छन् ? लेख्नुहोस् र अभिनय गर्दै अभिवादन गर्नुहोस् :**

बराम
चाम्लिङ
कुसुन्डा
छन्त्याल
धिमाल
लाप्चा
थामी

गुरुङ
बोटे
भुजेल
माझी
व्यासी
मेचे
लिम्बू
डोटेली

## अभ्यास क्रियाकलाप

**तलको चित्रको वर्णन गरी एक अनुच्छेद लेख्नुहोस् :**



..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

**तलको अनुच्छेद पढेर साथी वा घरका परिवारलाई सुनाउनुहोस् ।**

सोनिकाको घर दोलखा जिल्लाको मुढेमा पर्छ ।सोनिकाको घरमा सोनिकाको सासूआमा, ससुराबुबा, श्रीमान, एक छोरा एक छोरी छन् ।सोनिका र सोनिकाका श्रीमान् मिलेर खेतबारीको काम गर्छन् । उनका छोरा कक्षा ३ र छोरी कक्षा ५ मा पढ्छन् ।हजुरबुबा र हजुरआमाले नातिनातिनीलाई निक्कै माया गर्नुहुन्छ । हजुरबुबा र हजुरआमाले कथा भन्ने, खेल खेलाउने, घुमाउन लैजाने, खाना खुवाउनेलगायतका काम गर्नुहुन्छ ।छोराछोरीले पनि हजुरबुबा हजुरआमाको हेरचाह गर्ने लगायतका कार्य गर्छन् । सोनिका र उनका श्रीमान् भने तरकारी खेतीमा धेरै व्यस्त हुन्छन् ।तरकारी खेतीबाट बँचेको समय बुबाआमा र छोराछोरीको हेरचाह, पालनपोषण, शिक्षादीक्षालगायका कार्यमा खर्च गर्ने गर्छन् ।

**सोनिकाको परिचय जस्तै तपाईँले पनि आफ्नो परिचय लेख्नुहोस् :**

(क) तपाईँको नाम :

(ख) तपाईँको उमेर :

(ग) तपाईँको परिवारका सदस्य सङ्ख्या :

(घ) तपाईँको ठेगाना :

(ङ) तपाईँको परिवारले गर्ने काम :

**माइजूभान्जी बनेर तलको संवाद पूरा गर्नुहोस् :**

भान्जीको लुगा पसल छ । भान्जी लुगा पसलमा लुगा बेच्ने तथा सिउने काम गर्छिन् । उनी कुर्था सिउँदै छिन् । त्यही समयमा माइजू पसलमा आइपुग्नुहुन्छ ।

माइजू : भान्जी नमस्कार

भान्जी : ........................................................................

माइजू : सञ्चै छ । के छ भान्जीको हालखबर ? आमा कता जानुभयो ?

भान्जी : सबै ठिक छ माइजू । तिज आयो । धेरै लुगा सिउनु परेर मलाई त भ्याईनभ्याई छ । म त कुर्था सिउ( ँदै छु । आमा भान्सातिर हुनुहुन्छ ।

माइजू : .................................................................

भान्जी : .................................................................

माइजू : .................................................................

भान्जी : .................................................................

माइजू : .................................................................

भान्जी : .................................................................



## अनुभवमा आधारित क्रियाकलाप

**तपाईंको समुदाय वा कहींकतै कसैसँग भेट हुँदाको अनुभवलाई आधार मानेर लेख्नुहोस् :**

(क) बाटामा तपाईंले मामा भेट्नुभयो भने कसले पहिले अभिवादन गर्नुपर्छ र के भन्नुपर्छ ?

..............................................................................

(ख) घरमा दिदीभिनाजु आउँदा  कसले पहिले अभिवादन गर्नुपर्छ र के भन्नुपर्छ ?

..............................................................................

(ग) बाटामा नगरप्रमुख वा अध्यक्षसँग भेट हुँदा  कसले पहिले अभिवादन गर्नुपर्छ र के भन्नुपर्छ ?

..............................................................................

(घ) घरमा आफ्नो विद्यार्थी आउँदा  कसले पहिले अभिवादन गर्नुपर्छ र के भन्नुपर्छ ?

........................................................................................



## स्वप्रेरित क्रियाकलाप

**१. भाषा, धर्मसंस्कृतिअनुसार कसले कसरी अभिवादन गर्छ, इन्टरनेटमा खोजेर सिक्नुहोस् ।**

पाठ
२

# साधारण विषयवस्तुको बोध

**तलको पाठ पढ्नुहोस् :**

## व्यास गुफा

हरि र राधा बर्से बिदामा तनहुँ गए ।तनहुँमा पौराणिक पक्षसँग जोडिएको व्याँस गुफा थियो । उनीहरूको त्यही गुफा हेर्ने योजना बन्यो । उनीहरू गुफा पुगे । गुफा वरिपरिको वातावरण मनमोहक थियो । गुफामा हरेक दिन भजनकीर्तन हुने गर्दथ्यो । आस्थावान व्यक्तिहरू त्यस ठाउँमा भजनकीर्तन गर्थे । त्यो दृश्यले उनीहरू टक्क अडिए । भजनको आवाजले उनीहरूले रमाइलो अनुभव गरे । त्यसपछि १५/२० सिँढी उक्लेर गुफाको दृश्य हेरे । ठुलो ढुङ्गामुनि अँध्यारो ठाउँ तपतप पानी चुहिरहेको थियो । सहज रूपमा गुफाभित्र पुग्न सकिँदैन थियो । गुफा रेखदेख गर्ने कर्मचारीको सहयोगले उनीहरू गुफाभित्र प्रवेश गरे ।अध्यारो ठाउँ सामान्य लाइटको उज्यालोले भित्र पुगेर फर्कन गाह्रो थियो । उनीहरू आधा भागमा पुगे। गुफाभित्र प्रशस्तै चेमराहरू थिए । लाइटको उज्यालोले चमेराहरू तितरवितर भए । त्यस दृश्यले उनीहरू झन् रोमाञ्चित बने ।



## सिकाइ क्रियाकलाप

**१. तलका शब्दको शुद्धसँग उच्चारण गर्नुहोस् :**

| | | |
|---|---|---|
| मनमोहक | व्यास | आस्थावान |
| दृश्य | ढुङ्गा | उज्यालो |

**२. तल दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

| | | |
|---|---|---|
| सिँढी | आवाज | तितरबितर |
| अनुभव | आस्था | प्रवेश |

**३. तल दिएइका शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नहोस् :**

वातावरण

दृश्य

तपतप

गुफा

मनमोहक

**४. तल दिइएका प्रश्नहरूको एक वाक्यमा उत्तर भन्नुहोस् :**

(क) व्यास गुफा कहाँ पर्छ ?

(ख) धार्मिक व्यक्तिहरू के गर्दै थिए ?

(ग) गुफाको दृश्य कस्तो थियो ?

(घ) कसको सहायताले उनीहरू गुफा प्रवेश गरे ?

**५. तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) व्यास गुफा कहाँ पर्दछ ?

(ख) व्यास गुफा वरिपरिको दृश्य कस्तो थियो ?

(ग) गुफाभित्रको वातावरण कस्तो थियो ?



## अन्तरक्रियात्मक क्रियाकलाप

**तल दिइएको अनुच्छेद पढेर साथीलाई सुनाउनुहोस् र उहाँलाई तलका प्रश्न सोधी आफूले त्यसको उत्तर लेख्नुहोस् :**

रजनी, अमरेश, सविता र धीरकुमार मिल्ने साथी हुन् । उनीहरू सँगै पुस्तकालय जान्छन् । उनीहरू पुस्तकालयको पठन कक्षमा बस्छन् । उनीहरू पुस्तक पढ्छन् । उनीहरू चाहिएका कुरा लेख्छन् । कहिलेकाहीँ उनीहरू चिडियाखाना घुम्न जान्छन् । हात्ती, बाघ, भालु, अर्ना, लङ्गुर, चितुवा र गैँडा हेरेर रमाउँछन् । मृगका बथान हेरेर खुसी हुन्छन् । वनमान्छे देखेर छक्क पर्छन् ।

(क) माथिको अनुच्छेदमा प्रयोग भएका मानिसका नाम के के हुन् ?

....................................................................

(ख) माथिको अनुच्छेदमा प्रयोग भएका जनावरका नाम के के हुन् ?

.................................................................

(ग) माथिको अनुच्छेदमा प्रयोग भएका ठाउँका नाम के के हुन् ?

............................................................



## खोज क्रियाकलाप

**१. तपाईंको घरवरिपरि भएको कुनै एक धार्मिक स्थल अवलोकन गर्नुहोस् । त्यसका बारेमा व्यास गुफामा गरिएको वर्णन जस्तै लेख्नुहोस् ।**

**२. समुदायमा भएका धार्मिक स्थल, नदीको सूची बनाउनुहोस् :**

| धार्मिक स्थलको नाम | नदीको नाम |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

**तपाईं र परिवारका सदस्य मिलेर तलको संवाद पढ्नुहोस् :**

हर्कवीर : अहो काजी । जाडो भयो कि क्या हो ? बाक्ला बाक्ला लुगा पो लगाएछौ त ?

काजी : हो त । पुसमाघमा जाडो हुँदैन त ? तिमीले चाहिँ किन पातला लुगा लगाएको नि ?

हर्कवीर : यतिको जाडो त के जाडो । हाम्रो ठाउँमा त धेरै जाडो पो हुन्छ त !

काजी : हो र ? बाफ रे ।

हर्कवीर : जाडाले राम्रोसँग बोल्न पनि सकिँदैन ।

काजी : त्यसो भए त गर्मी याममा तिमीहरूको ठाउँमा त असाध्यै हल्लाखल्ला हुन्छ होला । हैन त ?

हर्कवीर : किन र ?

काजी : जाडामा नबोलेपछि गर्मीमा त मानिसहरु खुब बोल्छन् होला नि ?

**तलका संवादलाई १, २, ३... लेखी क्रममा राख्नुहोस् :**

(  ) हो त । हिउँदयाममा जाडो हुँदैन त ? तिमी त पातलै लुगामा हिँडिरहेका छौ । जाडो लागेको छैन ?
(  ) किन र ?
(  ) जाडामा नबोलेपछि गर्मीमा त मानिसहरु खुब बोल्छन् होला नि ?
(  ) त्यसो भए त गर्मी याममा तिमीहरूको ठाउँमा त असाध्यै हल्लाखल्ला हुन्छ होला ।
(  ) जाडाले राम्रोसँग बोल्न पनि सकिँदैन ।
(  ) हो र ? बाफ रे ।
(  ) पुसमाघमा जाडो हुँदैन त ?
( १ ) अहो काजी । जाडो भयो कि क्या हो ? बाक्ला बाक्ला लुगा पो लगाएछौ त ?
(  ) यतिको जाडो त के जाडो । हाम्रो ठाउँमा त धेरै जाडो पो हुन्छ त !

**माथिको पाठ आफ्नो कुनै साथीसँग मिलेर अभिनय गर्दै संवाद गर्नुहोस् ।**

**तलको वर्णन पढर बुझ्नुहोस् र प्रश्नका उत्तर दिनुहोस् :**

बेलायतका चार्ल्स बेबेजलाई कम्प्युटरका पिता मानिन्छ। उनले सन् १९३४ मा कम्प्युटरको आविष्कार गरेका थिए। कम्प्युटरका मुख्य अङ्गहरू मनिटर, सिपियु, किबोर्ड, माउस आदि हुन्। मनिटर कम्प्युटरको आँखा हो। सिपियु मस्तिष्क हो। किबोर्ड, माउस आदि हातखुट्टा हुन्। यस्ता धेरै अङ्गहरूको सहायताबाट कम्प्युटर सञ्चालन हुन्छ। यसले मानिसको निर्देशनअनुसार काम गर्छ। आजकाल सूचना आदानप्रदान गर्न इन्टरनेटको प्रयोग गरिन्छ। यसका लागि पनि कम्प्युटर चाहिन्छ। कम्प्युटरबाट सामान खरिदबिक्री गर्न, मनोरञ्जन लिन, विज्ञापन गर्न, पढ्न र लेख्न सकिन्छ। नेपालमा २०२८ सालमा जनगणना कार्यका लागि सबभन्दा पहिले कम्प्युटर भित्र्याइएको थियो।

(क) कम्प्युटरका पिता को हुन् ?
(ख) कम्प्युटरका मुख्य अङ्ग के के हुन् ?
(ग) कम्प्युटरका आँखा, मस्तिष्क र हातखुट्टा के के हुन् ?
(घ) कम्प्युटरबाट के के गर्न सकिन्छ ?
(ङ) नेपालमा कहिले कम्प्युटर भित्र्याइएको हो ?

**तलका खाली ठाउँमा कुन शब्द लेख्नुपर्ला ? उदाहरण हेरेर सोच्नुहोस् अनि लेख्नुहोस् :**

*उदाहरण : बाक्लो = पातलो*
जाडो=
तातो=
अग्लो=
धमिलो=
कडा =
उघ्रिएको=

**तलका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

त : ...........................................................................................

पो : ...........................................................................................

रे : ...........................................................................................

नि : ...........................................................................................

क्यारे : ...........................................................................................

र : ...........................................................................................

लौ : ...........................................................................................

**दुई शब्द जोडेर एक शब्द बनाउनुहोस् :**

(क) अग्ला + होचा = ............................

(ख) पहाड + पर्वत = ............................

(ग) लामा + छोटा = ............................

(घ) नदी + नाला = ............................

(ङ) वन + जङ्गल = ............................

(च) जीव + जन्तु = ............................

(छ) साना + ठुला = ............................

(ज) गाउँ + बस्ती = ............................

(झ) अन्न + बाली = ............................

(ञ) सहर + बजार = ............................

(ट) धनी + गरिब . = ............................

(ठ) नर + नारी = ............................

तलको चित्र हेर्नुहोस् र पुस्तकको महत्वबारेमा एक अनुच्छेद लेख्नुहोस् :



## पुस्तकको महत्व

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................



## अनुभवमा आधारित क्रियाकलाप

**तपाईंले कुनै मेलापर्व वा धार्मिक स्थलको अवलोकन गर्नभएको छ भने त्यसको वर्णन गर्नहोस् ।**

**तपाईंलाई केही पैसा चाहिएको छ । बा, आमा र काकासँग पैसा माग्दा उहाँहरुले दिनुभएन तर दिदीले दिनुभयो । यस्तो बेलामा बा, आमा, काका र दिदीसँग कस्तो कुराकानी होला ? सोचेर लेख्नुहोस् :**

म : बा, मलाई पैसा चाहिएको छ । दिनु न ।

बा : ............................................ (बाले दिनुहुन्न ।)

म : ..............................................

आमा : .......................................(आमाले दिनुहुन्न ।)

म : ........................................

काका : ................................(काकाले दिनुहुन्न ।)

म : ..................................

दिदी : ....................................(दिदीले दिनुहुन्छ ।)

म : ..........................................

**आफैँले सोचेर कोष्ठकबाट उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(अ) महेश पुरोहित हो । ........पुस्तक पढ्छ । (उनी, ऊ, म)

(आ) उमेश र उषा साथी हुन् । .........मिलेर पढ्छन् । (उनीहरू, हामी, त्यो)

(इ) काका घरमा हुनुहुन्छ । .......घरको रेखदेख गर्नुहुन्छ । (तपाईं, उहाँ, ऊ)

(ई) दावा विदेशमा छिन् । .........अर्को वर्ष फर्कन्छिन् । (यिनी, उनी, तिमी)

(उ) ............पुस्तकालय जानुहोस् । (उहाँ, तपाईं, म)

(ऊ) ...........डुल्न निस्क्यो । (म, त्यो, तँ)



## स्वप्रेरित क्रियाकलाप

**विभिन्न मन्दिर, गुफा आदिसँग सम्बन्धित लेखिएको पुस्तक खोजेर पढ्नुहोस् ।**

पाठ
३

# सञ्चार र प्रतिक्रिया

**सञ्चारका बारेमा लेखिएको तलको वर्णन पढ्नुहोस् :**

प्रत्यक्ष भेटघाट, टेलिफोन, मोबाइल फोन, भिडियो, टेलिभिजन, चिठीपत्र, पत्रपत्रिका, इन्टरनेट, फ्याक्स आदि सञ्चारका माध्यम हुन् । मोबाइल फोनले साथीभाइ तथा आफन्तसँग सम्पर्क गर्न मदत गर्छ । इन्टरनेटको सहयोगले आफूले नजानेको पाठ्यवस्तु अध्ययन सकिन्छ । पत्रपत्रिका पढेर पनि विभिन्न गतिविधिका बारेमा थाहा पाइन्छ । महत्वपूर्ण कुराकानी छ भने त भेटघाट नै गरिन्छ ।
सञ्चार माध्यमले अरुसँग प्रभावकारी सम्बन्ध स्थापना गर्न सहयोग गर्छ । यसबाट सही सन्देश, भाव, अभिप्राय अरुसमक्ष पुऱ्याउन सकिन्छ । यसबाट सन्देश प्रवाह गर्नेको इच्छा बुझ्न र प्रतिक्रिया जान्न सकिन्छ । यसबाट सम्बन्धित पक्षबिच सम्बन्ध बलियो बनाउन सकिन्छ । मैले पनि यसपालि जन्मदिन मनाउन सञ्चार माध्यमको प्रयोग गरेँ । मैले साथी उमाकान्त महेशकाजी, निराकार, कृष्णगोपाल र रजनीलाई फोनबाट सम्पर्क गरी जन्मदिनमा बोलाएँ । मेरो निमन्त्रणामा साथीहरु घरमा आए । साथीहरुले मेरो जन्मदिनमा पुस्तक उपहार दिए । खुसीयाली साथ जन्मदिन मनाइयो । यसपछि रजनीको जन्मदिनमा पनि फोनबाट नै निमन्त्रणा गरेर जन्मदिन मनाइयो । अहिले पनि साथीहरु आफूले नजानेका कुरा अरु साथीसँग सोधपुछ गर्छन् । साथीहरूसँग सामाजिक सञ्जालमार्फत सम्पर्क गर्छन् । सबै साथीबिच राम्रो सम्बन्ध छ ।



## सिकाइ क्रियाकलाप

**माथिको पाठ पढेर उत्तर दिनुहोस् :**

(क) सञ्चारका माध्यम के के हुन् ?
(ख) मोबाइल फोनले कसरी सहयोग गर्छ ?
(ग) म पात्रले कसरी जन्मदिन मनायो ?
(घ) साथीहरु कसरी सञ्चार गर्छन् ?
(ङ) सञ्चारका साधन नभएको भए मानिसले आफ्ना कुरा कसरी अरुसमक्ष पुऱ्याउँथे होला ?

**पाठ पढेर खाली ठाउँ भर्नुहोस् :**

(क) मोबाइल फोनले साथीभाइ तथा आफन्तसँग ................ मदत गर्छ ।

(ख) पत्रपत्रिका पढेर पनि विभिन्न ............................ थाहा पाइन्छ ।

(ग) यसबाट सम्बन्धित पक्षबिच सम्बन्ध .................. बनाउन सकिन्छ ।

(घ) मैले साथी उमाकान्त महेशकाजी, निराकार, कृष्णगोपाल र रजनीलाई फोनबाट सम्पर्क गरी ............................ बोलाएँ ।

(ङ) रजनीको जन्मदिनमा पनि फोनबाट नै ..................... गरेर जन्मदिन मनाइयो ।

(च) सबै साथीबिच राम्रो ................. छ ।

**यस पाठमा उल्लेख गरिएका सञ्चार माध्यममध्ये तपाईंलाई कुन चाहिँ सबैभन्दा उपयोगी लाग्यो ? किन ? पाँच कारण लेख्नुहोस् :**

(क) ...........................................................................

(ख) ...........................................................................

(ग) ...........................................................................

(घ) ...........................................................................

(ङ) ...........................................................................



## अन्तरक्रियात्मक क्रियाकलाप

**दिइएको कुराकानी सुन्नुहोस् र भवकृष्णको ठाउँमा तपाईं भएको भए कसरी कुराकानी गर्नुहुन्थ्यो, भूमिकासहित देखाउनुहोस् :**

शिक्षक : भवकृष्ण ! मैले अफिसबाट महावीर पुनको तस्बिर ल्याउन बिर्सेछु । तिमी गएर ल्याऊ है त ।

भवकृष्ण : हुन्छ सर । (भवकृष्ण अफिसतिर जान्छन्, अफिसमा पुगेपछि प्रधानाध्यापकलाई देख्छन् ।)

भवकृष्ण : (प्रधानाध्यापकलाई हात जोड्दै) नमस्कार सर ! म भित्र आउन सक्छु ?

प्रधानाध्यापक : नमस्कार ! हुन्छ आऊ । केही काम थियो कि ?

भवकृष्ण : नेपाली सरले महावीर पुनको तस्बिर ल्याउन मलाई पठाउनुभएको हो ।

प्रधानाध्यापक : हो र ? (तस्बिरतिर देखाउँदै) ऊ त्यो टेबलमा छ, लैजाऊ ।

भवकृष्ण : (तस्बिर बोक्दै) धन्यवाद सर ! (भवकृष्ण जान्छ)



## खोज क्रियाकलाप

**उर्मिलाको छिमेकमा एउटा गोष्ठी भयो । त्यसमा उर्मिला सहभागी भइन् । त्यहाँ चाडपर्वका बारेमा निम्नलिखित विषयमा छलफल भयो :**

नेपाल र नेपालीले मनाउने चापपर्वहरू अनगिन्ती छन् । यो हाम्रो देशको चिनारी हो । यो देशको पहिचान पनि हो । नेपाली समुदायमा विभिन्न जातजाति, भाषाभाषी छन् । हिमाल, पहाड, तराई, मधेस, पूर्व, पश्चिम सबै ठाउँमा भिन्नभिन्न चाड मनाइन्छ । यहाँ आआफ्ना मूल्यमान्यता र रीतिरिवाजअनुसारका चाडपर्व मनाउने गरिएको छ । चाडपर्वमा घरपरिवार, छरछिमेक साथीभाइ तथा इष्टमित्रमा भेटघाट गरिन्छ । घरमा मिठो मसिनो बनाएर खाने, खबर आदानप्रदान गर्ने, चेली माइतीको सम्बन्ध सुमधुर बनाई आपसी भलाकुसारी गर्ने माध्यमका रूपमा लिने पनि गरिएको पाइन्छ ।

**गोष्ठी सुनेर उर्मिलाले यसरी टिपिन् :**

(क) शीर्षक : चाडपर्व

(ख) छलफलका विषय :

- चाडपर्व पहिचान भएकाले परम्पराअनुसार मनाउनुपर्ने
- चाडपर्वमा मिठोमसिनो खाइने

(ग) सिकेका कुरा : हामीले हाम्रो परम्पराअनुसार चाडपर्व मनाउनुपर्ने

**उर्मिला जस्तै तपाईं पनि कुनै गोष्ठी, सेमिनार, सभा, सम्मेलन आदिमा सहभागी हुनुहोस् र त्यहाँ छलफल भएका आधारमा निम्नानुसारको विवरण तयार पार्नुहोस् :**

(क) शीर्षक : .........................

(ख) छलफलका विषय :

- ......................................................
- ......................................................

(ग) सिकेका कुरा : .......................................................................................

**तपाईंको छरछिमेकमा बाढी, पहिरो, आगलागी आदिका घटना अवलोकन गर्नुहोस् र अवलोकनका आधारमा एक अनुच्छेद लेख्नुहोस् :**

## अभ्यास क्रियाकलाप

**तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

चिठीपत्र, पाठ्यवस्तु, सन्देश, सम्पर्क, निमन्त्रणा, सञ्जाल

**दिइएको भित्तेपात्रो अध्ययन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

वि.सं. २०८० — बैशाख — April/May 2023 — ने.सं. ११४३

| आइतबार Sunday | सोमबार Monday | मंगलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| ३१ नवमी 14 | | | | | नयाँ वर्ष १ नवमी 14 | २ दशमी 15 |
| ३ एकादशी 16 | ४ द्वादशी 17 | ५ त्रयोदशी 18 | ६ चतुर्दशी 19 | मातातीर्थ औंसी ७ औंसी 20 | छन्द दिवस ८ प्रतिपदा 21 | ९ द्वितिया 22 |
| अ.रा. पुस्तक दिवस १० तृतिया 23 | लोकतन्त्र दिवस ११ चतुर्थी 24 | १२ पञ्चमी 25 | १३ षष्ठी 26 | १४ सप्तमी 27 | विश्व हाँसो दिवस १५ अष्ठमी 28 | विश्व नृत्य दिवस १६ नवमी 29 |
| १७ दशमी 30 | मजदुर दिवस १८ एकादशी May 1 | १९ द्वादशी 2 | विश्व प्रेस स्वतन्त्रता दिवस २० त्रयोदशी 3 | २१ चतुर्दशी 4 | बुद्ध जयन्ती २२ चण्डी पूर्णिमा 5 | २३ प्रतिपदा 6 |
| २४ द्वितिया 7 | विश्व रेडक्रस दिवस २५ तृतीया 8 | कानुन दिवस २६ चतुर्थी 9 | २७ पञ्चमी 10 | २८ षष्ठी 11 | २९ सप्तमी 12 | ३० अष्ठमी 13 |

(क) माथिको पात्रोअनुसार वैशाख महिना कति दिनको रहेको छ ?

(ख) महिनाको सबैभन्दा पहिले  कुन पर्व परेको छ ?

(ग) वैशाख महिनामा कतिओटा बुधबार परेका छन् ?

(घ) श्रमिक दिवस कहिले परेको छ ?

(ङ) माथिको भित्तेपात्रोअनुसार २०८० साल जेठ १ गते कुन बार होला ?



## अनुभवमा आधारित क्रियाकलाप

**तलको कोठेपदबाट खानेकुराका नाम खोजेर लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| ढ | क | ने | कि | ने | मा |
| रो | म | न | भो | ग | ल |
| टी | च | से | कु | वा | पु |
| चु | टा | खि | र | चि | वा |
| कौ | म | च | सा | उ | फाँ |
| नी | री | डी | तु | रा | डो |

**देवी नेपालको तलको कविता गति, लय र हाउभाउ मिलाएर पढ्नुहोस् र तलका प्रश्नका आधारमा तपाईंको प्रतिक्रिया लेख्नुहोस् :**

झुल्कियो घाम सुरु भो काम हाँसो छ ओठमा
टाट्नामा खसी गाई र भैंसी बस्दछन् गोठमा
छिमेकी काका लैबरी भाका खुसीले गाउँछन्
कोइली पनि गाउँछु भनी नजिक आउँछन् ।

हिमाल हाँस्छ बक्खु र दोचा लाउन पाएर
पहाड बाँच्छ घलेक, दौरा, चौबन्दी लाएर
तराई लाउँछ सुन्दर फेटा, धोती र कछाड
इन्द्रेनीजस्तै रङ्गीन हाम्रो नेपाली समाज

(क) के घाम झुल्कनासाथ सबैका घरमा काम सुरु हुन्छ ?
(ख) के साँच्चै हिमाल हाँस्छ त ? कविले के भनेका होलान् ?
(ग) पहाड र तराईको परिचय यति मात्र हो त ? आफ्नो विचार राख्नुहोस् ।

**अर्थ बुझेर वाक्यमा प्रयोग गर्नुहोस् :**

बक्खु : ..............................................................

दोचा : ..............................................................

घलेक : ..............................................................

दौरा : ..............................................................

चौबन्दी : ..............................................................

फेटा : ..............................................................

धोती : ..............................................................

कछाड : ..............................................................

झुल्कियो घाम : ..............................................................

टाट्नामा खसी : ..............................................................

नेपाली समाज : ..............................................................



## स्वप्रेरित क्रियाकलाप

**https://ne.wiktionary.org/wiki वेबसाइटमा गई आफूलाई अप्ठ्यारा लागेका शब्दको अर्थ खोजी तिनको प्रयोग अभ्यास गर्नुहोस् ।**


पाठ
४

# शब्दार्थ र वाक्यमा प्रयोग

**तलको पाठ पढ्नुहोस् :**



कुरिलो बहुवर्षीय तरकारी बाली हो । यसलाई संस्कृतमा शतावरी, नारायणी र शतमुली पनि भनिन्छ । यसमा काँडासहितका काण्ड, झुप्पादार पात र मसिना हाँगा हुन्छन् । कुरिलो खेती नेपालका पूर्वदेखि पश्चिमसम्मका भूभागमा गर्न सकिन्छ । यसको खेती न्यानो हावापानी भएको ठाउँमा गरिन्छ । कुरिलो खेतीका लागि बलौटे माटो चाहिन्छ। गर्मीमा यसको टुसाको विकास छिटो हुन्छ। कुरिलो लगाएको तीन वर्षपछि मात्र उत्पादन लिनु हुन्छ। एक पटक लगाएपछि यसबाट धेरै वर्षसम्म उत्पादन लिन सकिन्छ। कुरिलो तरकारीका रूपमा प्रयोग हुन्छ । कुरिलाका टुसा उमालेर रस बनाई खान सकिन्छ। यसका टुसालाई अचार र सलादका रूपमा पनि प्रयोग गर्न सकिन्छ। कुरिलामा भिटामिन ए, भिटामिन सी, फाइबर र क्याल्सियम पाइन्छ। कुरिलो सबैका लागि लाभदायक तरकारी हो । यो विभिन्न रोगलागेका बिरामीका लागि उपयोगी हुन्छ । कुरिलाका जराबाट विभिन्न थरीका औषधी बनाइन्छ । यसको टुसा र जरा बिक्री गरेर आम्दानी गर्न सकिन्छ । हाल नेपालका विभिन्न जिल्लामा यसको खेती गरिन्छ ।




## सिकाइ क्रियाकलाप

**यस पाठमा प्रयोग भएका तलका शब्द र तिनको अर्थ बुझ्नुहोस् :**

बहुवर्षीय : धेरै वर्षसम्मको

बलौटे : बालुवा धेरै भएको माटो

सलाद : कुरिलो, मुला, काँक्रो आदिका चाना बनाई तयार पारिएका खानेकुरा

फाइबर : फलफूल, सागपात आदिमा पाइने रेसादार वस्तु

लाभदायक : फाइदाजनक, हितकारी

**माथिको पाठ दुई मिनेटभित्र सस्वर पठन गर्नुहोस् ।**

**तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

काँडा, बलौटे, बहुवर्षीय, शतावरी, क्याल्सियम

**तल दिइएका अर्थ बुझाउने शब्द जान्नेको सहायताले पाठबाट खोजेर लेख्नुहोस् :**

(क) खेतबारीमा अन्न उब्जाउने काम : .............................

(ख) बोटबिरुवा, अन्न आदिको भर्खरै उम्रेको कलिलो मुना : ..........................

(ग) तरकारी, गेडागुडी, मासु आदिको झोल : .......................

(घ) उब्जनी : .............................................

**तल दिइएका शब्द प्रयोग भएका वाक्य पाठबाट सार्नुहोस् :**

उपयोगी : .........................................................................................

तरकारी : ................................................................................

बहुवर्षीय :.............................................................................

कुरिलो : ...................................................

औषधी : ...................................................

**तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

झुप्पादार :

भूभाग :

हावापानी :

लाभदायक :

उपयोगी :

आम्दानी :

**माथिको पाठ पढेर कुन वाक्य पहिले आएका छन्, मिलाएर लेख्नुहोस् :**

(.....) हाल नेपालका विभिन्न जिल्लामा यसको खेती गरिन्छ ।

(.....) कुरिलो बहुवर्षीय तरकारी बाली हो ।

(.....) कुरिलो खेतीका लागि बलौटे माटो चाहिन्छ ।

(.....) कुरिलो सबैका लागि लाभदायक तरकारी हो ।

(.....) कुरिलो तरकारीका रूपमा प्रयोग हुन्छ ।

**तल दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) कुरिलोलाई संस्कृतमा के भनिन्छ ?

(ख) कुरिलो कस्तो हुन्छ ?

(ग) कस्तो माटामा कुरिलो खेती हुन्छ ?

(घ) कुरिलो कसरी खान सकिन्छ ?

(ङ) करिलो खेतीबाट कसरी फाइदा लिन सकिन्छ ?

(ङ) कुरिलो खेतीका लागि कस्तो माटो आवश्यक पर्छ ?



## अन्तरक्रियात्मक क्रियाकलाप

**तपाईंलाई पनि कुनै तरकारी खेतीका बारेमा जानकारी छ होला । आफैँले पनि तरकारी खेती गर्नुभएको छ होला । कुनै तरकारीका बारेमा साथीलाई सुनाउनुपर्‍यो भने तपाईं के के कुरा गर्नुहुन्छ ? कुनै एक तरकारीलाई आधार बनाएर साथीलाई सुनाउने पाँच कुरा लेख्नुहोस् :**

(क) ..............................................................

(ख) ..............................................................

(ग) ..............................................................

(घ) ..............................................................



## खोज क्रियाकलाप

**तपाईंको छरछिमेकमा तलको तरकारी खेती भएको हुन सक्छ । खेती गर्नेलाई निम्नलिखित प्रश्न सोध्नुहोस् र प्राप्त उत्तर लेख्नुहोस् :**





(क) यो के खेती हो ?

(ख) यसबाट के के बनाउन सकिन्छ ?

(ग) यसको खेती गर्न के के गर्नुपर्छ ?

(घ) यसबाट बढी फाइदा लिन के के गर्नुपर्छ ?

## अभ्यास क्रियाकलाप

**पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :**




**तलका शब्द अर्थ पढ्नुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) फूल : फूलबारीमा फुल्ने फूल
फुल : जीवको अन्डा

(ख) जुन : जो, जे
जून : चन्द्रमा

(ग) पट्टि : तिर, तर्फ
पट्टी : घाउखटिरामा औषधी लगाई बाँधिने कपडा

(घ) जाति : बाहुन, छेत्री आदि
जाती : राम्रो

**तल दिइएका शब्दलाई मिल्ने समूहमा राख्नुहोस् :**

**गर्छ, डुल्दैन, पढ्यो, भन्यो, गाएन, सुतेन, खेल्यो, गएन, खाएन, उठ्छ, आयो, निदायो, बोलेन, हाँस्यो, रोएन, लजाउँदैन**

| सकारात्मक (हुन्छ भन्ने) अर्थ दिने शब्द | नकारात्मक (हुँदैन भन्ने) अर्थ दिने शब्द |
|---|---|
| गर्छ, | डुल्दैन, |

**तलका शब्दलाई उल्ट्याएर पढ्दा पनि अर्थ लाग्ने अर्को शब्द बन्छ । यस्तै अरू शब्दहरू थप्दै जानुहोस् र शब्द पढेर अर्थ बुझ्नुहोस् :**

कचकच : चकचक
कटकट : टकटक
कता : ताक
कस : सक
कुटुकुटु : टुकुटुकु
खापा : पाखा
गला : लाग
चर : रच
जग : गज
जीबा : बाजी
जीरा : राजी
टोके : केटो
ताज : जता
तारा : राता
ताल : लता
दम : मद
दाउँला : लाउँदा
दीन : नदी
देखे : खेदे
नटेक : कटेन
पटपट : टपटप
पलपल : लपलप
माता : तामा
माला : लामा
राधा : धारा
रोज : जरो
लत : तल
वन : नव
सब : बस
सय : यस
सान : नसा



## अनुभवमा आधारित क्रियाकलाप

**तल विभिन्न भाषाका शब्द दिइएको छ। त्यसमध्ये तपाईंलाई कुन कुन शब्दको अर्थ थाहा छ ? अर्थ थाहा नभएका शब्दको अर्थ कसैलाई सोधेर थाहा पाउनुहोस् :**

| मौलिक शब्द | आगन्तुक शब्द |
|---|---|
| - अक्षर, अनुशासन, ईश्वर, ऋषि, औषधि, अंश,<br>अङ्क, गङ्गा, घोषणा, ज्ञान, टीका, डमरु, तृतीय,<br>नीति, परीक्षा, पुस्तक, फल, बुद्ध, भाषा, भीम,मूर्ति,<br>- मृत्यु, यज्ञ, विकास, विद्यार्थी, शङ्ख, शोषण, षड्<br>यन्त्र,<br>- संसार, साहित्य<br>- आज, आगो, आँसु, काँध, साँघुरो, हाँस, हात,<br>साँचो खाजा, पाँच, दुध, मिठो, पात, मित, औँला<br>- झुलुक्क, टुप्लुक्क, मुसुक्क, असरल्ल, कटक्क,<br>खत्रक्क, गजक्क<br>- आहा, ऐया, आत्था, छ्या, ओहो, एहे, हाहा,<br>- स्याबास<br>- त, नि, पो, लौ, ल, है, लौ लौ, लौ न, हो त | फ्रान्सेली - कार्टुन, कलेज, पुलिस, बिगुल, इन्जि<br>नयर, मार्सल, टुरिस्ट<br>तुर्केली - गलैंचा, कुल्ली, कैँची, सौदा, चम्चा,<br>बहादुर, लास, तोप, तक्मा, चक्कु, मुचुल्का<br>जापानी - कराँते, जुडो, रिक्सा, होन्डा<br>तेलगु - डोली, पङ्खा, गुन्डा, क्यालेन्डर, कोटा,<br>क्याम्पस, स्टुडियो<br>बङ्गाली - गम्छा, चौतारो, कविराज<br>पन्जावी - झोला<br>गुजराती - हड्ताल<br>रसियाली - भोड्का, जार<br>ग्रिक - थर्मस<br>नेवारी - क्वाँटी, छिँडी, चाकु, पसल, कौसी<br>तामाङी- डम्फु, च्याङ्वा, सेलो, घ्याङ<br>गुरुङ - रोदी, राडी, थुन्से, घुम, खुर्पा<br>मैथिली - पैनी, ढाट, पटुवा, जन<br>मगर - सुँगुर, रिडी, पटुका, बाउसे<br>किराती - याक्सा, लिम्बू, मन्धुम, याक्थुम्बा |
| | |

**पहिले प्रयोग हुने र अहिले प्रयोग हुने केही शब्द पढ्नुहोस् र तिनलाई आफ्नै वाक्यमा प्रयोग गर्नुहोस् :**

| **झर्रा नेपाली मौलिक शब्द** | **हिजो आज प्रयोगमा आएका शब्द** |
| --- | --- |
| रैबार | समाचार |
| रैबार कागज | समाचारपत्र |
| जियालो | जीवन्त, जिउने |
| जनगन्ती | जनगणना |
| जुक्तौनी | उपाय |
| जम्लेहात | नमस्कार |
| कितापघर | पुस्तकालय |

**तलका बुँदाका आधारमा कथा तयार पार्नुहोस् र पढेर साथीलाई सुनाउनुहोस् :**

पोखरीमा एउटा भ्यागुतो बस्थ्यो । त्यो ........ आउँदा पानीभित्र लुक्थ्यो । मानिस त्यसलाई हेर्न .........., मकै आदिले हिकाउँथे । त्यो ...... टिपेर खाइदिन्थ्यो । मानिस हिँडेपछि त्यो ....... निस्कन्थ्यो । बाहिर ...... उडिरहेका हुन्थे । त्यो ती झिँगालाई .......ले तान्दै खान्थ्यो । एक दिन त्यहाँ एउटा ठुलो ...... आयो । त्यसले ......लाई देख्यो । भ्यागुताले झिँगा खान लागेकै बेलामा ........ले भ्यागुतालाई खायो ।



## स्वप्रेरित क्रियाकलाप

**प्रज्ञा नेपाली बृहत् शब्दकोशबाट आफूलाई मन पर्ने दश शब्द छानी तिनको अर्थ पनि लेख्नुहोस् :**

# स्वमूल्याङ्कन

**यो सामग्री पढेर मैले निम्नलिखित कुरा सिकेँ :**

(क) ..............................................

(ख) ..............................................

(ग) ..............................................

(घ) ..............................................

(ङ) ..............................................

**साथीलाई सुनाउनुहोस् :**

माटामा पुरिएका जीवजन्तुका शरीर र वनस्पति कुहिएर मलिलो माटो बन्छ । मलिलो माटामा अन्नपात, फलफूल र तरकारीको राम्रो उत्पादन हुन्छ । यस्तो माटामा अनाज, फलफूल र तरकारी उब्जाएर मानिसले आय आर्जन गर्छन् । माटाको प्रकृतिअनुसार चिया, अलैँची, सनपाट, कफी, उखु जस्ता नगदेबालीको पनि खेती गरिन्छ ।

**दिइएका प्रश्नको सही उत्तरमा ठिक चिह्न लगाउनुहोस् :**

(अ) डोटेली भाषामा अभिवादन गर्दा कुन शब्दको प्रयोग गरिन्छ ?

(क) स्वस्ती (ख) सेवाढोग (ग) जेरो (घ) सेवानुङ

(आ) माझी भाषामा अभिवादन गर्दा कुन शब्दको प्रयोग गरिन्छ ?

(क) स्वस्ती (ख) सेवाढोग (ग) जेरो (घ) भुजेल

**तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

मनमोहक आस्था दृश्य उज्यालो

**तल दिइएका शब्दको अर्थ लेख्नुहोस्**


वातावरण दृश्य मनमोहक

अनुभव आस्था प्रवेश

अभिभादन गर्दा प्रयोग हुने शब्दको प्रयोग गरी बुबाछोरी बनेर एउटा छोटो संवाद लेख्नुहोस् ।

तपाईंको नजिकै भएका धार्मिक स्थलको वर्णन गर्नुहोस् ।

**तलको चित्रको वर्णन गरी एक अनुच्छेद लेख्नुहोस् ।:**



.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

.................................................................................................................................................

**हो वा होइन, छुट्याउनुहोस् :**

| भनाइ | हो | होइन |
|---|---|---|
| सुनीता बराम र उमेश चाम्लिङ पञ्चमी बजारमा भेट भए । | | |
| हजुरबुबा र हजुरआमाले कथा भन्ने, खेल खेलाउने, घुमाउन लैजाने, खाना खुवाउनेलगायतका काम गर्नुहुन्छ । | | |
| पुसमाघमा जाडो हुँदैन त ? | | |
| तनहुँमा पौराणिक पक्षसँग जोडिएको व्याँस गुफा थियो । | | |
| सन् १९३५ मा कम्प्युटरको आविष्कार भयो । | | |
| इन्टरनेटको सहयोगले आफूले नजानेको पाठ्यवस्तु अध्ययन सकिन्छ । | | |
| प्रायशः चाडपर्वमा घरपरिवार, छरछिमेक साथीभाइ तथा इष्टमित्रमा भेटघाट गरिँदैन । | | |
| हाम्रो नेपाली समाज इन्द्रेनीजस्तै रङ्गीन छ । | | |
| माटाको प्रकृतिअनुसार चिया, अलैँची, सनपाट, कफी, उखु जस्ता नगदेबालीको पनि खेती गरिन्छ । | | |

# मुल्याङ्कन योजना

| सक्षमता | सिकाइ उपलब्धि | मूल्याङ्कन सूचक | स्तर |
|---|---|---|---|
| विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तुको बोध, सञ्चार तथा प्रतिक्रिया | - अभिवादन गर्न, सम्बोधन गर्न, परिचय दिन र प्रतिक्रिया जनाउन | - मौखिक ;ाङ्केतिक एवम् लिखित निर्देशन तथा सुचना बुझ्न सकेमा<br>- मौखिक ;ाङ्केतिक एवम् लिखित निर्देशन तथा सुचना साथीलाई वा अन्य व्यक्तिलाई बताउन सकेमा<br>- मौखिक साङ्केतिक एवम् लिखित निर्देशन तथा ;सुचनाका बारेमा प्रतिक्रिया दिन सकेमा<br>- मौखिक ;ाङ्केतिक एवम् लिखित निर्देशन तथा सुचनाबमोजिम कार्य गर्न सकेमा | १<br>२<br>३<br>४ |
| | - मातृभाषाको प्रयोग गरी अभिवादन गर्न, सम्बोधन गर्न, परिचय दिन र प्रति( क्रिया दिन | - मातृभाषाको प्रयोग गरी अभिवादन गरेमा<br>- मातृभाषाको प्रयोग गरी अभिवादन र सम्बोधन गरेमा<br>- मातृभाषाको प्रयोग गरी अभिवादन र सम्बोधन गरी परिचय दिएमा<br>- मातृभाषामा गरिएको अभिवादन र सम्बोधन बुझी प्रतिक्रिया दिएमा<br>- व्याकरणको ख्याल गरी आफ्ना विचार सरल वाक्यमा लेखेर व्यक्त गरेमा | १<br>२<br>३<br>४ |
| | - सरल वाक्य तथा छोटा अनुच्छेद शुद्धसँग उपयुक्त गतिमा पढ्न र अर्थ बताउन | - सरल वाक्य शुद्धसँग उपयुक्त गतिमा पढेमा<br>- सरल वाक्य शुद्धसँग उपयुक्त गतिमा पढी अर्थ बताएमा<br>- छोटा अनुच्छेद शुद्धसँग उपयुक्त गतिमा पढेमा<br>- छोटा अनुच्छेद शुद्धसँग उपयुक्त गतिमा पढी अर्थ बताएमा | १<br>२<br>३<br>४ |

तह

१

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

हाम्रो परिवेश र नागरिक चेतना

# जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री